## अनुसूची २५

## वित्तिय विवरणसंग सम्वन्धित प्रमुख लेखा नीतिहरु :

### १) वित्तिय विवरण तयारीका आधारहरु

यस बीमकको वित्तिय विवरण सामान्यत स्विकार्य लेखा सिद्धान्त, बीमा व्यवसायमा प्रचलित अन्य आधारहरु, बीमा ऐन २०४९, बीमा नियमावली २०४९ र बीमा समितिले जारी गरेको वित्तिय विवरण सम्वन्धि निर्देशिका, प्रचलित कानून तथा लेखामानको अधिनभित्र रहि गरीएको छ ।

### २) स्थिर सम्पत्ति लेखाङ्कन नीति

स्थिर सम्पत्तिलाइ ऐतिहासिक लागत अवधारणाको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

### ३) ह्रास कट्टा नीति

स्थिर सम्पत्तिहरुको ह्रासकट्टि आयकर ऐन २०५८ को अनुसूची २ तथा आयकर नियमावली २०५९ ले निर्दिष्ट गरे अनुसारको व्यवस्था एवं ह्रासकट्टि दरअनुसार घट्दो ह्रास प्रणालीका आधारमा गरीएको छ ।

### ४) पूँजीकृत नगरिने सम्पतिहरु सम्वन्धी लेखाङ्कन नीति

स्थिर सम्पति (Fixed Assets) प्राप्त गर्ने सम्बन्धमा भएका सम्पूर्ण खर्चहरुलाइ पूँजीकृत गरिने नीति रहेको छ ।

### ५) आयकर व्यवस्था नीति

आयकर ऐन २०५८ तथा आयकर नियमावली २०५९ अनुसार स्वयं कर निर्धारणका आधारमा निर्धारण गरीएको करयोग्य आयमा ३१.५ प्रतिशतका दरले रु. १५,०५,९८२।०० आयकर वापत व्यवस्था गरीएको छ ।

## ६) लगानी लेखाङ्कन नीति

(क) सरकारी बचत पत्र/ऋणपत्रमा गरीएको लगानीलाइ अङ्कित मूल्य वा परल मूल्य जुन घटि हुन्छ सोहि मूल्यमा देखाउने नीति रहेको छ ।

(ख) बैंक वा वित्तिय संस्थाको मुद्दती निक्षेपमा गरीएको लगानीलाइ साँवा रकममा देखाउने नीति रहेको छ ।

(ग) पब्लिक लिमिटेड कम्पनीको शेयरमा गरीएको लगानीलाइ परल मूल्य वा बजार मूल्य जुन घटि छ सोहि मूल्यमा देखाउने नीति रहेको छ ।

## (७) सटहि घटवढ समायोजन नीति

विदेशी मुद्रालाई प्राप्त मितिको विनिमय दरमा लेखाङ्कन गरिने नीति रहेको छ । साथै वर्षान्तमा भएको विदेशी मुद्राको मौज्दातलाइ सो दिनको विनिमय दरको आधारमा लेखाङ्कन गरी फरक पर्न जाने रकमलाइ विनिमय नाफा नोक्सान हिसावमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

## (८) बीमा शुल्क आम्दानी लेखाङ्कन नीति

नगद प्राप्तिको आधारमा बीमाशुल्क आम्दानी बाँध्ने नीति रहेको छ तर नगद प्राप्ति मितिभन्दा बीमाशुल्क भूक्तानी गर्नुपर्ने मिति पछि भएमा पछिल्लो मितिमा बीमाशूल्क आम्दानी बाँध्ने नीति रहेको छ ।

पुनर्बीमा स्वीकार गरेवापत प्राप्त हुने बीमा शूल्क आम्दानीलाई प्रोदभावी आधारमा आम्दानी बाँध्ने नीति रहेको छ ।

## (९) पुनर्बीमा कमिशन आम्दानी लेखाङ्कन नीति

पूर्नबीमा कमिशन आम्दानीलाइ प्रोदभावी आधारमा आम्दानी बाँधिएको छ ।

## (१०) अन्य आय लेखाङ्कन नीति

(क) सरकारी बचत पत्र र बैंक तथा वित्तिय संस्थाको मूद्दति निक्षेपबाट प्राप्त हुने व्याजलाइ प्रोदभावी आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

(ख) पब्लिक लि. कम्पनीको शेयर विक्रीवाट भएको नाफालाइ रकम प्राप्तीको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

एवं बीमा समितिले जारी गरेको वित्तिय विवरण सम्वन्धी निर्देशनको परीधिभित्र रही अन्य आयको बाँडफाँड गरीएको छ ।

(११) कर्जा लेखाङ्कन नीति

बीमकले कर्जा प्रवाह गरेको छैन ।

(१२) व्यवस्थापन खर्च वाँडफाँड नीति

व्यवस्थापन खर्च वाँडफाँड गर्दा कुल व्यवस्थापन खर्चको ९० प्रतिशत रकमलाइ प्रत्येक किसिमको बीमाको आय व्यय हिसावमा बीमा शूल्कको भारको आधारमा लेखाङ्कन गरिएको छ र बाँकी रहेको १० प्रतिशत रकमलाइ नाफा नोक्सान हिसावमा लेखाङ्कन गर्ने गर्ने नीति रहेको छ ।

(१३) बीमा दाबी भूक्तानी खर्च लेखाङ्कन नीति

बीमकले दाबीको लागत गणना गर्दा बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने रकम तथा सो दाबी फर्छ्यौटका लागि भएको अन्य खर्च, आवश्यक परामर्श तथा अनुसन्धान खर्च समेत समावेश गरी खर्च लेखाङ्कन गर्ने नीति लिइएको छ ।

(१४) बीमा दाबी वापत दायित्व व्यवस्था लेखाङ्कन नीति

बीमा नियमावली २०४९ को नियम १५(छ) अनुसार बीमा दाबी वापत दायित्व व्यवस्था गर्दा फछ्र्यौट नभएको दाबी रकमको ११५ प्रतिशत व्यवस्था गर्ने नीति लिइएको छ ।

(१५) खूद नाफा वाँडफाँड नीति

बीमा ऐन २०४९, बीमा नियमावली २०४९ र बीमा समितिबाट जारी गरीएको वित्तिय विवरण सम्वन्धी निर्देशनहरुको परीधिभित्र रही खूद नाफा वाँडफाँड गरीने नीति रहेको छ ।

(१६) कर्मचारी उपदान, विदा तथा अन्य सुविधा वापत व्यवस्था नीति

कर्मचारी उपदान, विदा तथा अन्य सुविधा प्रोदभावी आधारमा व्यवस्था गर्ने नीति  रहेको छ ।

**(१७) अपलेखन खर्च लेखाङ्कन नीति**

बीमकले अपलेखन गर्नुपर्ने खर्चहरु रहेको छैन ।

**(१८) शंकाष्पद आसामी व्यवस्था नीति**

बीमकले आसामीको aging अनुसार व्यवस्थापनले नउठ्ने भनी व्यवस्था गर्न आवश्यक भएमा संचालक समिति बाट पारीत गराइ व्यवस्था गर्ने नीति लिएको छ ।

(१९) गत वर्षको अङ्कहरुलाई आवश्यकता अनुसार पुन वर्गिकरण एवं पैसालाई नजिक रुपैयाँमा देखाइएको छ ।

<u>अनुसूची २६</u>

## वित्तिय विवरणसंग सम्वन्धित टिप्पणीहरु :

<u>१) सम्भावित दायित्वहरु</u>

अ) बीमकको हालसम्म चूक्ता वा भूक्तानी हुन बाँकी रहेको लगानी छैन ।

आ) हाल बीमकले कुनै प्रत्याभुति प्रतिबद्धता गरेको छैन ।

इ) बीमालेख अन्तर्गत भन्दा बाहेकबाट दाबी परेको छैन ।

ई) बीमकले आफ्नो तर्फ बाट कसैलाइ कुनैपनि किसिमको ग्यारेण्टी दिएको छैन ।

उ) बीमकको अन्य सम्भावित दायित्व सिर्जना भएको छैन ।

२) बीमकले दाबी गरेको दाबी रकममध्ये बीमकले आफैले व्यहोर्नुपर्ने रकमको बीमा नियमावली २०४९ को नियम १५(छ) अनुसार ११५ प्रतिशत व्यवस्था गरी भूक्तानी गर्न बाँकी दाबी मूल्याङ्कन गरीएको छ ।

३) बीमकको नेट वर्थ चूक्ता पूँजीको ५० प्रतिशतभन्दा कम भएकोले कम्पनी ऐन २०६३ को दफा (६०) बमोजिम संचालक समितिबाट  आगामी साधारण सभामा पेश गर्नको लागि भावि रणनीति तयार पारीएको छ ।

४) बीमकले कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि कुनै प्रतिवद्धता जनाएको छैन ।

५) अ) बीमकले लगानीमा स्वामित्व प्राप्त गरेको छ ।

आ) बीमकले यस वर्षमा सम्पति बिक्री गर्दा भूक्तानी प्राप्त गरेको छ ।

६) क) यस आ.ब. मा गरीएको नयाँ लगानी यस प्रकार रहेको छ।

| **लगानीको क्षेत्र र संस्था** | **रकम** (रु.) | **अवधि** | |
|---|---|---|---|
| | | शुरु मिति | अन्तिम मिति |
| **<u>वित्तिय संस्थाहरुको मूद्दती निक्षेप</u>** | | | |
| नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | १,००,००,०००।०० | फाल्गुण०२,२०६४ | फाल्गुण०१,२०६५ |
| नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | १,००,००,०००।०० | फाल्गुण०२,२०६४ | फाल्गूण०१,२०६५ |
| **कूल जम्मा** | **२,००,००,०००।००** | | |

ख) यस आ.ब. मा नविकरण गरीएको लगानी यस प्रकार रहेको छ।

| **लगानीको क्षेत्र र संस्था** | **रकम** (रु.) | **नविकरण अवधि** | |
|---|---|---|---|
| | | शुरु मिति | अन्तिम मिति |
| **<u>वाणिज्य बैंकको मूद्दती निक्षेप</u>** | | | |
| नेपाल एसबीआइ बैंक लि | १,२०,००,०००।०० | आषाढ २१,२०६५ | आषाढ २०,२०६६ |
| एनसीसी बैंक लि. | २,००,००,०००।०० | माघ १७,२०६४ | माघ १६,२०६५ |
| लुम्बिनी बैंक लि. | ५,००,०००।०० | पौष १०,२०६४ | पौष ०९,२०६५ |
| **<u>वित्तिय संस्थाहरुको मूद्दती निक्षेप</u>** | | | |
| नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | २०,००,०००।०० | श्रावण १६,२०६४ | श्रावण १५,२०६५ |
| वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | २,४९,५७५।०० | कार्तिक १४,२०६४ | कार्तिक १३,२०६५ |
| वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | ५,००,०००।०० | मंसिर २७,२०६४ | मंसिर २६,२०६५ |
| महालक्ष्मी फाइन्यान्स लि. | १०,००,०००।०० | भाद्र २१,२०६४ | भद्र २०,२०६५ |
| **<u>विकाश बैंकहरुको मूद्दति निक्षेप</u>** | | | |
| पशुपति विकाश बैंक लि. | १०,००,०००।०० | आश्विन ०७,२०६४ | आश्विन ०६,२०६५ |
| कर्णाली विकाश बैंक लि. | १५,००,०००।०० | श्रावण ०६,२०६३ | श्रावण ०५,२०६५ |
| नारायणी औधोगिक विकाश बैंक लि. | १,५०,०००।०० | मंसिर २८,२०६५ | मंसिर २७,२०६६ |
| नारायणी औधोगिक विकाश बैंक लि. | १०,००,०००।०० | भाद्र २५,२०६५ | भद्र २५,२०६६ |
| **कूल जम्मा** | **३,९८,९९,५७५।००** | | |

ग) यस आ.ब. मा फिर्ता लिएको मुद्दती निक्षेप वा बिक्रि गरीएको लगानी (पब्लिक कम्पनीको साधारण शेयर) यस प्रकार रहेको छ ।

| लगानीको क्षेत्र र संस्था | रकम (रु.) | अवधि | |
|---|---|---|---|
| | | शुरु मिति | फिर्ता लिएको मिति |
| **वित्तिय संस्थाहरुको मुद्दती निक्षेप** | | | |
| रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | ३,००,०००।०० | आश्विन २३,२०६३ | आश्विन २२,२०६४ |
| सेन्ट्रल फाइन्यान्स लि. | ४,००,०००।०० | कार्तिक ०४,२०६३ | कार्तिक ०३,२०६४ |
| गौरी शंकर वित्तिय संस्था लि. | ५,००,०००।०० | श्रावण ०८,२०६३ | श्रावण ०७,२०६४ |
| **विकाश बैंकहरुको मुद्दति निक्षेप** | | | |
| नेपाल हाउजिङ्ग विकाश बैंक लि. | ३,००,०००।०० | पौष २१,२०६३ | पौष २०,२०६४ |
| सिद्धार्थ बैंक लि. | २,००,०००।०० | ज्येष्ठ ०८,२०६३ | ज्येष्ठ ०७,२०६४ |
| **जम्मा (मुद्दति निक्षेप)** | **१७,००,०००।००** | | |
| **कम्पनीको नाम** | **परल मूल्य (रु.)** | **विकी मूल्य (रु.)** | **साधारण शेयर संख्या** |
| सांग्रिला हाउजिङ कम्पनी लि. | ५०,००,०००।०० | ५२,५०,०००।०० | ५०,०००।०० |
| नेशनल हाइड्रोपावर कम्पनी लि | २,१३,५४,४३६।०० | ३,५५,८८,१७०।०० | १,७५,०००।०० |
| एनबी बैंक लि. | ९७,७०,१९०।०० | १,०४,५०,०००।०० | ३८,०००।०० |
| **जम्मा( पब्लिक कम्पनीको साधारण शेयर)** | **३,६१,२४,६२६।००** | **५,१२,८८,१७०।००** | **२,६३,०००।००** |
| **कूल जम्मा** | **३,७८,२४,६२६।००** | | |

घ) नेपाल राष्ट्र बैंकले तोकेको न्युनतमा पूँजीकोष पर्याप्तता अनुपात नपुगेका वित्तिय संस्थाहरुको मुद्दति निक्षेपमा गरीएको लगानी निम्न रहेको छ ।

| लगानीको क्षेत्र | रकम (रु.) | ऋवधि | |
|---|---|---|---|
| | | शुरु मिति | अन्तिम मिति |
| **वाणिज्य बैंकको मुद्दती निक्षेप** | | | |
| लुम्बिनी बैंक लि. | ५,००,०००।०० | पौष १०,२०६४ | पौष ०९, २०६५ |
| **वित्तिय संस्थाहरु** | | | |
| नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | २०,००,०००।०० | श्रावण १६,२०६४ | श्रावण १५,२०६५ |
| नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. | १,००,००,०००।०० | फाल्गुण०२,२०६४ | फाल्गुण०१,२०६५ |
| नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड | १,००,००,०००।०० | फाल्गुण०२,२०६४ | फाल्गुण०१,२०६५ |

| | | | |
|---|---|---|---|
| फाइन्यान्स लि. | | | |

७) दैनिक कारोवार हुने मूख्य बैंक खाताहरुको सम्बन्धित बैंकबाट समर्थन पत्र प्राप्त गरी हिसाब मिलान गरीएको छ । अन्य बैंक तथा वित्तिय संस्थाहरुको खाताहरुको हकमा बर्षान्तमा सम्बन्धित बैंक तथा वित्तिय संस्थाहरुबाट समर्थन पत्र प्राप्त गरी सो समर्थन पत्रहरुमा प्रदर्शित रकमहरु र बीमकको books of account मा प्रदर्शित रकमहरु बीचको एकमुष्ट फरक रकम रु. ३,५२,३२३।०० लाइ व्यवस्था गरी नाफा नोक्सान हिसाबमा खर्च देखाइएको छ ।

८) बीमकको वित्तीय विवरणमा उल्लेख भएअनुसार विदेशी पूनर्बीमकसंगको हिसाबको लागि पूनर्बीमा ब्रोकर कम्पनीबाट समर्थन पत्र प्राप्त भएको छ । एवं अन्य स्वदेशी बीमक कम्पनीहरुसंगको हिसाबको लागि सम्वन्धित स्वदेशी बीमक कम्पनीहरुबाट समर्थन पत्र प्राप्त गरीएको छ ।

नेको इन्सुरेन्स कम्पनी लि. बाट पूनर्बीमा स्विकार गरेबापत पाउनुपर्ने रकम रु. ८,२२,५५१।५९ को सो कम्पनीबाट स्विकृत प्राप्त हुन सकेको छैन। सो रकम रु. ८,२२,५५१।५९ लाइ आ.ब. २०६३।६४ मा नै ब्यवस्था गरीसकिएको छ ।

९) बीमकले गरेको लगानी प्रचलित बीमा ऐन, नियमावली तथा बीमा समितिबाट तोकिए बमोजिम नरहेकोले २०६६ आषाढ मसान्तभित्रमा तोकिएबमोजिम लगानी गर्नका लागि व्यवस्थापन प्रयासरत छ ।

१०) बीमकको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग गरेको कारोवार यस प्रकार रहेको छ।

क) यस आ.व. २०६४।६५ मा नेपाल एनबी बैंक लि. को ३८,०४० कित्ता साधारण शेयरमा लगानी गरी यसै आ.व.मा ३८,००० कित्ता साधारण शेयर बिक्री गरीसकिएको छ । एनसीसी बैंक लि. को ५,३३० कित्ता साधारण शेयरमा लगानी गरीएको छ ।

ख) एनसीसी बैंक लि. र नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. मा क्रमश रु. २,००,००,०००।०० र २,२०,००,०००।०० को मुद्दती निक्षेपमा लगानी गरीएको छ ।

ग) नेपाल एनबी बैंक लि., एनसीसी बैंक लि., नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स लि. मा चल्ति खाताहरु खोलिएको छ ।

११) यस बीमकले निम्न बैंक तथा वित्तिय संस्थाहरुको मुद्दति निक्षेप प्रमाणपत्र धितो राखि सिटिजन्स् इन्टरनेशनल बैंक लि.बाट ओभरड्राफ्ट ऋण सुविधा लिएको छ ।

| बैंक तथा वित्तिय संस्थाको नाम | रकम (रु.) |
|---|---|
| नेपाल श्रीलङ्का मर्चेन्ट बैंकिङ्ग एण्ड फाइन्यान्स क.लि. | २०,००,०००।०० |
| महालक्ष्मी फाइन्यान्स लि. | १०,००,०००।०० |
| पशुपति विकाश बैंक लि. | १०,००,०००।०० |
| कर्णाली विकाश बैंक लि. | १५,००,०००।०० |
| नारायणी औधोगिक विकाश बैंक लि. | १०,००,०००।०० |
| **जम्मा** | **६५,००,०००।००** |

१२) बीमकको आ.व.२०६३।६४ सम्मको आयविवरण दाखिला भै आ.व. २०६१।६२ सम्मको अन्तिम कर निर्धारणसमेत भैसकेको छ र अन्तिम कर निर्धारण हुँदा आ. व. २०६०।६१ र २०६१।६२ को लागि थप कर क्रमश रु.३,८९,९५९।०० र ५,०२,५७७।०० गरी जम्मा रु. ८,९२,५३६।०० को दायित्व सृजना भएकोमा सो रकम कर कार्यालयमा दाखिला गरीसकिएको छ ।

१३) फिर्ता गरेको बीमाशुल्क र कारण :

यस आर्थिक वर्षमा फिर्ता गरीएको बीमाशुल्क रु.१,८१,६३७।६० छ र यसका कारणहरु देहाय बमोजिम रहेका छन् ।

क) बीमितले दोहोरो बीमा गराउनु र यस बीमकसंग बीमा खारेज गर्न चाहनु ।

ख) बीमितले आफूले बीमा गरेको सम्पतिको लागि वित्तिय संस्थावाट प्राप्त गरेको कर्जा भुक्तानी गरी सो समयपश्चात यस बीमकसंग बीमा गर्न नचाहनु ।

ग) ट्राभल मेडिकल इन्सुरेन्स अन्तर्गत बीमा गराएका बीमितहरुले सम्बन्धित राष्ट्रको प्रवेशाज्ञा प्राप्त गर्न नसकि बीमालेखा खारेज गराउनु ।

१४) अपलेखन हुन बाँकी कुनैपनि खर्च रहेको छैन ।

१५) बीमकको  चूक्ता पूँजी मध्ये अग्रिम भुक्तानी प्राप्त, भुक्तानी प्राप्त हुन बाँकी र जफत गरिएको तर पुनः निष्काशन नगरिएका शेयरहरु रहेको छैन ।

१६) बीमकको कुनैपनि लिजहोल्ड सम्पतिहरु रहेको छैन ।

१७) यस आय वर्षमा वासलात बाहिरको कारोबार भएको छैन ।

१८) अघिल्लो आय वर्षहरुसंग सम्वन्धित आम्दानी तथा खर्चहरु रहेको छैन ।

१९) गत आ.व.मा सूर्य एण्ड डि.एस. को इन्जिनियरीङ्ग बीमा अन्तर्गत दाबी भुक्तानी गर्दा गल्तिवस सूर्य एण्ड डि.एस.बाट असुल उपर गनुपर्ने बक्यौता बीमाशुल्क सूर्य एण्ड आशिष को बीमा धरौटि रकम रु. ८,०२,१३७।०० समायोजन भएकोमा यस आ.व.मा सो रकमलाइ इन्जिनियरीङ्ग बीमाको अन्य प्रत्यक्ष खर्चमा प्रदर्शित गरीएको छ ।

२०) गत आ.व. २०६३।६४ मा पुनर्बीमकबाट पाउनुपर्ने रकममध्ये रु. १,६६,५५,०००।०० को सहमति पत्र प्राप्त नभैसकेकोले व्यवस्था गरीएकोमा यस वर्ष सो मध्ये रु. ४२,१५,४२६।०० को सहमति पत्र प्राप्त भएकोले सो रकमलाइ व्यवस्था फिर्ता गरी नाफा नोक्सान हिसावमा आम्दानी बाँधिएको छ ।

२१) गत आ.व.मा असुल उपर गर्नुपर्ने बक्यौता बीमाशुल्क रकम रु. २,६८,५९,१८५।०० रहेकोमा यस आ.व.मा रु. २६,३६,७२१।३९ थप भई रु.२,९४,९५,९०६।३९ रहेको छ र रु. २६,३६,७२१।३९ मध्ये आ.व. २०६५।६६ मा रु. ६,५४,९६१।०० असुल उपर भैसकेको छ ।

२२) Defferred tax assets को गणना गरी वित्तिय विवरणमा प्रस्तुत गरीएको छैन ।

**२३) व्यवस्थापन खर्च**

बीमा नियमावली २०४९ को दफा १६ बमोजिम बीमा शूल्क आम्दानीको कुल रकमको २५ प्रतिशत सामुद्रिक बीमामा र अन्यमा ३० प्रतिशत व्यवस्थापन खर्च गर्न सक्ने प्रावधान अनुरुप कुल बीमा शूल्क आम्दानीको समानुपातिकरुपले व्यवस्थापन खर्च बाँडफाँड गरीएको छ । उक्त खर्चहरु माथि उल्लेख भएको प्रतिशतभन्दा बढि रहेको छ ।

२४)आय वर्ष २०६१।६२ सम्मको अन्तिम कर निर्धारण भै कम व्यवस्था गरीएको रकम रु. १७,८५,७९९।४८ र आय वर्ष २०६२।६३ र २०६३।६४ मा ढिलो आय विवरणहरु कर कार्यालयमा दाखिला गरेवापत लाग्ने शूल्क क्रमश रु. ४,४५,०१५।०० र रु.१,०७,५९३।०० गरी जम्मा रकम रु.२३,३८,४०७।४८ लाई इक्यूटीमा भएको परीवर्तन सम्वन्धि विवरणमा अघिल्लो आयवर्षसम्मको संचित नाफा/नोक्सानमा समायोजन गरीएको छ ।

# व्यवस्थापनको प्रतिवेदन

क) बीमक सम्बन्धी सामान्य जानकारी :

बीमकको संस्थापना मितिः २०५५।१०।२०

बीमक दर्ता प्रमाणपत्र प्राप्त मितिः २०५७।१०।१०

बीमकले अनुमति प्राप्त गरेको बीमा व्यवसायको किसिम र प्रकारः अग्नी, मोटर, सामुद्रिक, इन्जिनियरीङ्ग, तथा ठेकेदार, हवाइ बीमा र बिबिध

बीमकले व्यवसाय प्रारम्भ गरेको मितिः २०५७।१०।१९

ख) बीमकको संचालक समितिले प्रमाणित गरेका बुँदाहरुः

१) बीमा व्यवसाय गर्न बीमा समितिबाट जारी भएको प्रमाणपत्रको वैधता कायम रहेको छ ।

२) कानून बमोजिम बीमकले तिर्नुपर्ने र बुझाउनुपर्ने कर, सेवा शूल्क, दण्ड एवं जरीवानाहरु सम्वन्धित निकायमा बुझाइसकिएको छ र आय वर्ष २०६४।६५ को बीमा समितिलाई बुझाउन पर्ने सेवा शुल्क रु.२,२२,२१६।०० बुझाउन बाँकी रहेको छ ।

३) बीमकको शेयर स्वामित्वको संरचना, यसमा भएको हेरफेरको विवरण तथा कायम रहेको संरचना प्रचलित कानुनी व्यवस्था अनुरुप रहेको छ ।

४) बीमक आफ्नो दायित्व बहन गर्न सक्षम रहेको छ ।

५) (क) वास्तविक रुपमा प्राप्त हुन सक्ने मूल्य/बजार मूल्य भन्दा वासलातको मितिमा वित्तिय विवरणमा समावेश गरीएको सम्पूर्ण सम्पतिहरुको मूल्य बढि रहेको छैन ।

(ख) वित्तिय विवरणमा प्रदर्शित सम्पतिहरुको मूल्य तुलना गर्न अवलम्वन गरीएको विधिहरु निम्न छ ।

अ) स्थिर सम्पतिको मूल्याङ्कन ऐतिहासिक लागत अवधारणा अनुरुप स्थिर सम्पति खरीद गर्दाको मूल्यमा घट्दो ह्रासप्रणाली अनुसार ह्रासकट्टि कटाइ गरीएको छ ।

आ) लगानी सम्बन्धमा, राष्ट्रिय वचत पत्रमा गरीएको लगानीलाइ परल मूल्य वा बजार मूल्य जुन कम हुन्छ सो मूल्यमा देखाइएको छ । वित्तिय संस्थाहरुको मुद्दति निक्षेपमा गरीएको लगानीलाइ साँवा रकममा देखाइएको छ । पब्लिक कम्पनीहरुको शेयरमा गरीएको लगानीलाइ परल मूल्य वा बजार मूल्य जुन कम हुन्छ सो मूल्यमा देखाइएको छ ।

इ) अन्य सम्पतिहरुको हकमा सो सम्पतिहरु सृजना भएको दिनको कारोवार रकममा शंकाष्पद रकमहरुलाइ व्यवस्था गरी बाँकी रहेको रकमलाइ मूल्यको रुपमा लिइएको छ ।

६) बीमकको लगानी प्रचलित कानूनी व्यवस्थाको परीधिभित्र रहेको छैन र आ.व. २०६५।६६ को अन्तसम्ममा प्रचलित कानूनी व्यवस्थाको परीधिभित्र रहि लगानी गर्नको लागि व्यवस्थापन प्रयासरत छ ।

७) बीमकलाई आई पर्न सक्ने सम्पूर्ण जोखिमहरु तथा सो को निराकरणका लागि अण्डरराइटिङ नीति तयार गरी लागू गर्ने , पूनर्बीमा गराउने, पोर्टफोलियो मापन गरी लगानी गर्ने तथा बीमकको स्थिर सम्पत्तीहरुको बीमा गर्ने आदि नीतिहरु अवलम्बन गरिएको छ ।

८) बीमकको नेपाल बाहिर कार्यालयहरु रहेको छैन ।

९) यस वर्ष फछ्र्यौट भएको दाबीको संख्या ७४४ रहेको छ र फछ्र्यौट हुन बाँकी दाबीको संख्या १७२ रहेको छ र सो दाबीहरुको विश्लेषण गरी आय वर्ष २०६५।६६ को अन्तसम्ममा फछ्र्यौट गरीने छ ।

१०) स्थिर सम्पत्तिको ह्रास कट्टी आयकर ऐन २०५८ द्धारा निर्देशित दर एवं व्यवस्था अन्तर्गत घट्दो मौज्दात (Diminishing Balance) पद्धती अनुसार गरिएको बाहेक वित्तीय विवरण तयार गर्दा

प्रचलित बीमा ऐन, २०४९ बीमा नियमावली, २०४९ र सो अन्तर्गत जारी गरिएका बीमा समितिको आदेश वा निर्देशन, कम्पनी ऐन २०६३ तथा अन्य कानूनहरु तथा अन्यथा उल्लेख गरीएबमोजिमको प्रचलित लेखामान, लेखाको सिद्धान्त र नीतिहरु पालना गरिएको उद्घोषण गर्दछौ ।

११) (क) बीमकले उपयुक्त लेखा नीति अवलम्बन गरेको, सोको प्रयोगमा एकरुपता कायम गरेको र त्यस्तो नीतिको परीक्षण गरी उपयुक्तता यकिन गरेको छ ।

(ख) बीमकको वित्तीय विवरणले वासलातको मितिमा बीमकको नाफा नोक्सान लगायतका वित्तीय अवस्थाको यथार्थ तथा वास्तविक चित्रण गर्दछ ।

१२) बीमकको संचालक समितिले सम्पत्तिको सुरक्षाको लागि तथा जालसाजी वा अन्य अनियमितता पत्ता लगाउन र रोक्नका लागि उपयुक्त र पर्याप्त व्यवस्था गरेको छ ।

१३) बीमकले 'Going Concern Basis' मा आफ्नो वित्तीय विवरण तयार गरेको छ ।

१४) यस आ.व. २०६५।६६ देखि आन्तरिक लेखा परीक्षण प्रणाली प्रभावकारी रुपले लागु गरिने छ ।

१५) प्रचलित बीमा ऐन, २०४९ तथा कम्पनी ऐन २०६३ र सो अन्तर्गतका नियमावली, आदेश वा निर्देशनको प्रतिकूल हुने गरी वित्तिय विवरणहरुसंग सम्बन्धित टिप्पणीहरुमा उल्लेखित बाहेक कुनै व्यक्ति, फर्म, बीमक तथा बीमकको संचालक वा संचालकको स्वार्थ रहेको संस्थासंग कारोबार गरिएको छैन ।

१६) २०६४ सालको लागि बीमकले समयमा बीमक दर्ता प्रमाणपत्र नविकरण नगरेवापत बीमा समितिले रु. ४५००।०० जरीवाना तोकेको छ ।

१७) व्यवस्थापनले आवश्यक ठानेका अन्य कुराहरु रहेको छैन ।